
# नानीनजिकै काग



## राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# नानीनजिकै काग


लेखक : ध्रुव घिमिरे

चित्र : उज्ज्वल तामाङ

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर




© प्रकाशकमा



संस्करण : २०७५




अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (USAID) को सहयोगमा यो सामग्री प्रकाशन भएको हो । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिबिम्बित गर्दैनन् । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ ।




“दिदी, दिदी !”

“किन अधिका ?”




“आँगननजिकै के आए ?”



“आँगननजिकै काग उडी आए ।”




“दिदी, कति ओटा काग आए ?”




“नानु गन न। कति काग आए ?”



एक, दुई, तीन।
"दिदी, तीन ओटा काग आए।"



“गीता दिदी, काग किन आए ?”



“नानी अधिका, काग त खाजा खान आए।
ती खाना खान आए।”



“ए काग, नानुको केक नखाऊ।
नानीको तातो तातो दुध नखाऊ।”

“काग, काग। आँगन नजिकका
कीट खाऊ। गुजी खाऊ।”



नानीका आँगनका गुजी खाए ।
छोटा छोटा झाङका कीट खाए।



काकीको आँगनको अनाज छिटो छिटो खाए ।

काकी आउँदा त काग
छिटो छिटो उडी गए ।



मुख्य शब्दहरू

| | | | |
|---|---|---|---|
| दिदी | किन | आँगन | नजिकै |
| काग | एक | दुई | तीन |
| खाना | केक | तातो | दुध |
| गुजी | कीट | अनाज | छिटो |

# नानीनजिकै काग

सबै स्वर वर्ण र मात्रा तथा 'क' देखि 'न' व्यञ्जन वर्णको चिनारीपछि बालबालिकालाई आफैँ पढ्न सहयोग पुग्ने यो विसङ्केतन पाठ (Decodable Readers) प्रकाशनमा ल्याउन पाउँदा हामी खुसी छौँ । बालबालिकालाई सहज रूपमा पढ्न सहयोग पुऱ्याउनु यसको उद्देश्य हो । कथासहितका यी किताबका शृङ्खला पढेर बालबालिकाले रमाइलो मान्ने छन् । उनीहरू सही उच्चारण गर्न सक्षम पनि हुने छन् । समग्रमा यी अध्ययन सामग्रीले बालबालिकाको पढ्ने सिपको विकासमा मदत पुऱ्याउने छ ।

## शिक्षकलाई निर्देशन

१. सबै स्वर वर्ण र मात्रा तथा 'क' देखि 'न' व्यञ्जन वर्णको चिनारीपछि प्रत्येक बालबालिकालाई यो अध्ययन सामग्री पढ्न दिनुहोस् ।

२. बालबालिकाले पढिरहेका बेलामा शिक्षकले अवलोकन गर्नुहोस् । धेरैजसो बालबालिका कुनै शब्दमा अडिएका छन् वा उनीहरूलाई पढ्न गाह्रो भएको छ भने ती शब्दलाई टिपेर राख्नुहोस् ।

३. गाह्रो मानिएका शब्दका बनोट बालबालिकालाई राम्ररी बुझाएर ती शब्द पटक पटक उच्चारण गरिदिनुहोस् । बालबालिकालाई पनि ती शब्दको उच्चारण अभ्यास गराउनुहोस्